प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १४२ ॥ २०८२ असार १७ गते मंगलबार (1st July 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# यी हुन् झापाका ३१ जना फोर जीपीए होल्डर

झापा(प्रस) । झापाका ३१ जना विद्यार्थीहरुले एसईई परीक्षामा फोर जीपीए ल्याएका छन् ।
सबैभन्दा बढी बिर्तामोड २ को मोहनमाया माध्यमिक विद्यालयका चार जनाले फोर जीपीए ल्याएका छन् भने संस्थागत विद्यालयतर्फ इमिनेन्ट कंचनजंघा इङ्गिलस बोर्डिङ स्कुल गौरादहका पनि चारजना विद्यार्थीहरुले फोर जीपीए ल्याएका छन् । मोहनमायाका अनुपमा निरौला , अनुराग लुइटेल , अश्विन लुइटेल र एलिना तिम्सिनाले फोर जीपीए ल्याएका हुन् । त्यस्तै इमिनेन्ट कंचनजंघा इङ्गिलस बोर्डिङ स्कुलका हेमन्त राजवंशी , कुशल लिम्बू , मुना पाण्डे र रोशिका राजवंशीले फोर जीपीए ल्याएका छन् ।त्यस्तै बाल्मीकि एजुकेशन फाउन्डेशन बिर्तामोडका दुईजनाले फोर जीपीए ल्याएका छन् । सर्वोत्कृष्ट अंक ल्याउनेहरुमा अंकित कटुवाल र ह्रदयप्रसाद शिवाकोटी रहेका छन् । बिर्तामोडकै अनारमनी लिवर्टी स्कुलका सरोज निरौला र सौरव अग्रवालले पनि फोर जीपीए ल्याएका छन् ।




त्यस्तै सिद्धार्थ बोर्डिङ दमकका अपेक्षा लुइटेल र अर्पण ढकालले फोर जीपीए ल्याएका छन् भने माउन्ट एभरेष्ट मावि गौरादहका अर्पण रोय र जेनिश कोइरालाले फोर जीपीए ल्याएका छन् । त्यस्तै हिमालय मावि दमकका एन्जल लुइटेल र अवसर शर्माले फोर जीपीए ल्याएका छन् । त्यस्तै नमूना अंग्रेजी माध्यमिक विद्यालय गौरादह ७ का एलिसा सापकोटा र सुमेधा कोइरालाले पनि फोर जीपीए प्राप्त गरेका छन् ।

फोर जीपीए ल्याउने अन्य विद्यार्थीहरुमा महेन्द्ररत्न मावि बिर्ताबजारकी विद्या दाहाल , वीरेन्द्र मावि चन्द्रगढीका दीप मोते , प्रज्ञा एकाडेमीकी मिनुकुमारी दास कर्ण , इस्ट होराइजन मावि मेचीनगरकी अन्वेषा श्रेष्ठ , ज्ञानोदय आवासीय मावि गौरीगञ्जकी सलिना कार्की , ज्ञानकुञ्ज एकाडेमी गौरीगञ्जका सागर राउत , मदरल्याण्ड इङ्गिलस बोर्डिङ स्कुल दमककी नेहारिका शर्मा, नेशनल मेरीगोल्ड इङ्गिलस बोर्डिङ स्कुल चन्द्रगढीका प्रनिल सत्याल , झापा मोडल इङ्गिलस सेकेन्डरी स्कुल दमकका प्रज्वल पौडेल , लक्ष्मी सेकेन्डरी स्कुल अर्जुनधाराका आशुतोष ढुगेल र पारिजात इङ्गिलस बोर्डिङ स्कुल मेचीनगरकी नुब्सा लिम्बू रहेका छन् ।
२०८१ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ९७१ जनाले फोर जीपीए ल्याएका छन् ।

# बिर्तामोडको पंचरत्न मावि निल

झापा(प्रस) । बिर्तामोडका ९ जना विद्यार्थीहरुले एसईई परीक्षामा फोर जीपीए ल्याएका छन् । झापाबाट जम्मा ३१ जनाले फोर जीपीए ल्याएकोमा त्यसमध्ये ९ जना बिर्तामोडका हुन् । जिल्लाभरि सबैभन्दा बढी बिर्तामोड २ को मोहनमाया माध्यमिक विद्यालयका चार जनाले फोर जीपीए ल्याएका छन् । मोहनमायाका अनुपमा निरौला , अनुराग लुइटेल , अश्विन लुइटेल र एलिना तिम्सिनाले फोर जीपीए ल्याएका हुन् ।त्यस्तै बाल्मीकि एजुकेशन फाउन्डेशन बिर्तामोडका दुईजनाले फोर जीपीए ल्याएका छन् । सर्वोत्कृष्ट अंक ल्याउनेहरुमा अंकित कटुवाल र ह्रदयप्रसाद शिवाकोटी रहेका छन् । बिर्तामोडकै




अनारमनी लिवर्टी स्कुलका सरोज निरौला र सौरव अग्रवालले पनि फोर जीपीए ल्याएका छन् । त्यस्तै महेन्द्ररत्न मावि बिर्ताबजारकी विद्या दाहालले पनि फोर जीपीए ल्याएकी छन् । बिर्तामोडका एउटा सामुदायिक विद्यालयको नतिजा भने निल भएको छ । पंचरत्न माध्यमिक विद्यालय बिर्तामोड २ चैतुवारीको एसईई परीक्षाको नतिजा निल भएको हो । दश जनाले परीक्षा दिएकोमा दशैजना अनुतीर्ण भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्म लक्सम्बाले बताए । उनले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने खाँचो देखिएको बताए ।

बिर्तामोडका सामुदायिक र संस्थागत गरी ४८ वटा विद्यालयका विद्यार्थीहरु एसईई परीक्षामा सहभागी भएका थिए । नगरभरिका विद्यालयको नतिजा निकाल्ने कार्य भइरहेको बिर्तामोड नगरपालिका शिक्षा शाखा प्रमुख तिलचन भण्डारीले बताए ।

# झापा गाउँपालिकाका ८७ प्रतिशत विद्यार्थीहरु फेल



कुमरखोद(प्रस) । जनप्रतिनिधि र कर्मचारीहरुले झापा गाउँपालिकालाई नमूना पालिकाको रुपमा विकास गरिरहेको दावी गरिरहँदा गाउँपालिकाका ८७ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थीहरु एसईईमा फेल भएका छन् ।कक्षा ८ को परीक्षाजस्तै झापा गाउँपालिकामा एसईईको परीक्षा समेत सुधारोन्मूख देखिएन । झापा गाउँपालिकाका सामुदायिक विद्यालयहरुको नजिताले धेरै नै निराश बनाएको अभिभावकहरुले बताएका छन् । झापा गाउँपालिकाका ५ वटा सामुदायिक विद्यालयका २५१ जना विद्यार्थीहरु एसईई परीक्षामा सहभागी भएका थिए । त्यसमध्ये मात्र ३५ जना उत्तीर्ण भएका हुन् । करिव ८७ प्रतिशत विद्यार्थीहरु फेल भएका छन् ।
यो कुराबाट प्रष्ट हुन्छ कि सामुदायिक विद्यालयमा नाम मात्रको पढाई हुन्छ । झापा गाउँपालिकामा ५ वटा मावि स्तरका सामुदायिक विद्यालयहरु रहेका छन् । जहाँ कक्षा १ देखि १२ सम्म अध्यापन हुन्छ । झापा गाउँपालिकाले शिक्षा क्षेत्रमा अरु पालिकाको तुलनामा धेरै नै लगानी गरेको देखिएको छ तर त्यो लगानी बालुवामा पानी हालेसरह भएको छ ।
झापा गाउँपालिकाको शिक्षा शाखाले विद्यालयबाट संकलन गरी पालिकाभरिका विद्यालयको नतिजा सार्वजनिक गरेको छ । डिल्लीराज माविका ७३ मध्ये ११ जना , जनता माविका १०७ मध्ये १३ जना, जनकल्याण माविका २७ मध्ये ५ जना, कुवाडी देवी माविका २४ मध्ये ३ जना र महेन्द्र माविका २० मध्ये मात्र ३ जना उत्तीर्ण भएका छन् ।

तर संस्थागत विद्यालयहरुको एसईईको नतिजा भने सन्तोषजनक देखिएको छ। झापा गाउँपालिकामा मावि स्तरका ७ वटा संस्थागत विद्यालयहरु रहेका छन् । संस्थागत विद्यालयतर्फ सेन्ट जेभियर्स स्कुल सडकवारी पालिकाभरि प्रथम भएको छ । सो विद्यालयले ९५.६५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको हो । सो विद्यालयबाट एसईई परीक्षामा २३ जना विद्यार्थी सहभागी भएकोमा २२ जना उत्तीर्ण भएका छन् । त्यसैगरी चन्द्रज्योति माविका ४० मध्ये ३४ जना, जय पाथिभरा माविका ३४ मध्ये २९ जना, साउथ होराईजनका १४ मध्ये ८ जना, गौतम बुद्ध माविका ३ मध्ये २ जना, टाईनी टट्स माविका ७ मध्ये ४ जना र वण्डर लाइफ एकाडेमीका १४ मध्ये १२ जना उत्तीर्ण भएका छन् ।

झापा गाउँपालिकाका शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालका अनुसार गत वर्षको तुलनामा यसवर्ष एसईई परीक्षाको नतिजा केही सुधारोन्मूख देखिएको छ । गत वर्ष केहि विद्यालय एसईई परीक्षामा निल भएका थिए । एसईई नतिजा सन्तोषजनक नरहेतापनि केही मात्रामा शैक्षिक गुणस्तर सुधार भएको ढकालले बताए । उनले विद्यार्थीहरु नियमित विद्यालय नआउनु , शिक्षकहरु अध्यापनमा जिम्मेवारी नबन्नु ,विद्यालय प्रशासन फितलो हुनु ,अभिभावकहरुले पनि जिम्मेवारी निर्वाह नगर्दा उत्कृष्ट नतिजा नआएको बताए ।

# ४१८ वटा मोबाइल हरायो ,८९ वटा भेटियो

बिर्तामोड(प्रस) । चालु आर्थिक वर्षमा ४१८ जनाले आफ्नो मोबाइल हराएको भन्दै इलाका प्रहरी कार्यालय बिर्तामोडमा निवेदन दिएका छन् । त्यसमध्ये ८९ वटा मोबाइल खोजेर बिर्तामोड प्रहरीले सम्बन्धित मोबाइल धनीलाई बुझाएको छ । सोमवार २७ वटा मोबाइल सम्बन्धित व्यक्तिलाई बुझाइएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए । उनले यसअघि ६२ जनालाई हराएको मोबाइल खोजेर फिर्ता गरिएको जानकारी दिए । दुईवटा आइफोनसहित सामसुङ,रेडमी, भीभोलगायतका मोडलका मोबाइलहरु फेला पारेर फिर्ता गरिएको श्रेष्ठको भनाई छ । हराएको मोबाइल फिर्ता पाउनेहरुमा देवी संग्रौला बाह्रदशी ५ , सीता विश्वकर्मा अर्जुनधारा ६ , उदयनारायण तुम्रोक बिर्तामोड ५ , सविता लिम्बू बिर्तामोड ५ , इश्वरा नेपाल बिर्तामोड ३ , सुवास तामाङ बिर्तामोड ५ , मनवती राजवंशी



बिर्तामोड ४ , भक्तबहादुर प्रधान कन्काई ३ , किरण धिमाल बिर्तामोड १ , होमनारायण माझी बिर्तामोड ६ , निशान राजवंशी बिर्तामोड २ , मनोज राजवंशी बिर्तामोड ५ , सुसन योङ्या बिर्तामोड ५ , प्रेमकुमार दास बिर्तामोड १ , धनमाया लिम्बू कन्काई ७ , प्रदीप अधिकारी बिर्तामोड ७, गोपाल चौधरी बाह्रदशी , सागर शिवभक्ति विराटनगर ३ , मुकेश थापा बिर्तामोड १ , गणेश समाल मगर अर्जुनधारा २ , अनिश थेबे अर्जुनधारा ११ , राधिका गिरी कन्काई ७ , दुर्गादेवी प्रसाई बिर्तामोड ३ , भुवन खत्री , रुद्रादेवी चौधरी कन्काई ५ , बद्री मालाकार झापा गाउँपालिका ४ र पेमा छिरिङशेर्पा जोगमाई १ इलाम रहेका छन् । अत्यधिक रुपमा मोबाइल हराउन थालेपछि इलाका प्रहरी कार्यालय बिर्तामोडले त्यससम्बन्धी निवेदन लिन प्रहरी सहायक निरीक्षक प्रदीप आले मगरलाई जिम्मेवारी दिएको छ ।

प्रहरीले आईएमइआई नम्बरको आधारमा ट्र्याकिङ गरी हराएको मोबाइल पत्ता लगाउने गरेको डीएसपी श्रेष्ठले जानकारी दिए । हराएको मोबाइल खोजी गरेर दिने र चोरी गरेको भए त्यही अनुसारको कानुनी कार्वाही गर्ने गरिएको उनको भनाई छ । ८९ जनामध्ये एकजना मोबाइल धनीले आफ्नो मोबाइल चोरी भएको बताएपछि फिर्ता गर्ने व्यक्तिमाथि चोरी मुद्धा दर्ता गरिएको बताइएको छ ।

# विद्यार्थीहरुलाई यौन दुर्व्यहार गर्ने शिक्षक पक्राउ

झापा(प्रस) । विद्यार्थीहरुलाई यौन दुर्व्यहार गरेको आरोपमा इलामका एक शिक्षक पक्राउ परेका छन् ।
यौन दुर्व्यहारको आरोपमा इलाम माई नगरपालिका-२ शितलीस्थित हरियाली रेशम शैक्षिक सार्वजनिक गुठी नामक स्कुलका संस्थापक सोही ठाउँ बस्ने ५२ वर्षीय खेमराज ढकाल पक्राउ परेका हुन् ।

कक्षा ६ र ७ मा अध्ययनरत बालिकाहरुलाई बिभिन्न किसिमको प्रलोभन र डर त्रास देखाई यौन दुर्व्यहार गरेको जानकारी आएपछि प्रहरी चौकी लोदिया दानाबारीबाट प्रहरी नायव निरीक्षक सूर्य मोक्तानको कमाण्डमा ४ जनाको टोली खटिएर ढकाललाई आइतवार नियन्त्रणमा लिएको हो ।
उनलाई पक्राउ गरी प्रहरी चौकी लोदिया दानाबारीमा ल्याई राखिएकोमा पीडित पक्षका करिव सयजना जना प्रहरी चौकी दानाबारी आई कालो मोसो दल्नुपर्ने माग गरेका थिए ।
स्थिति तनावपूर्ण बनेपछि प्रहरी चौकी दानाबारीबाट प्रहरी नायव निरीक्षक मोक्तानको कमाण्डमा १२ जना, प्रहरी चौकी महमाईबाट ३ जना गरि १५ जना र सशस्त्र प्रहरीको सशस्त्र प्रहरी नायव निरीक्षक बज्रलाल तामाङको कमाण्डमा ७ जनाको टोली खटिएको थियो ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी निरीक्षक संजिव बोगटीको कमाण्डमा १० जनाको थप टोली खटिएको थियो । आन्दोलित अभिभावकहरु आइतवार राति अबेलासम्म प्रहरी चौकी अगाडि बसेका थिए ।

आरोपित शिक्षकलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक एकनारायण कोइरालाले बताएका छन् ।

# बिर्तामोड नगरपालिकाको नीति तथा कार्यक्रम पारित

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको सातौँ अधिवेशनको दोस्रो बैठक सफलतापूर्वक सम्पन्न भएको छ। बैठकले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटसहित विभिन्न महत्वपूर्ण प्रतिवेदनहरू सर्वसम्मतले पारित गरेको छ।

नीति तथा बजेट पारित र प्रतिवेदनहरूको अनुमोदन, नगर सभाका सभाध्यक्षबाट बैठकको प्रारम्भ भएको घोषणा गरिएसँगै असार ९ गतेको बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रम बजेट, आर्थिक विधेयक २०८२, र विनियोजन विधेयक २०८२ माथि सदस्यहरूले व्यापक छलफल गरी आफ्ना विचार राखेका थिए। छलफलपश्चात् सभाध्यक्षले ती प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गरेका थिए ।




बैठकले बिर्तामोड नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नगर प्रमुख पवित्रा महतारा प्रसाईंले प्रस्तुत गरेकी नीति तथा कार्यक्रमलाई नगरको पहिलो ५ वर्षे नगर आवधिक योजनासँग तादात्म्य कायम गरी दीर्घकालीन दृष्टिकोणका साथ सर्वसम्मत पारित गरेको छ। त्यसैगरी, गत असार ९ गते बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं नगर उपप्रमुख नगेन्द्रप्रसाद सङ्ग्रौलाले प्रस्तुत गरेको बजेट, योजना तथा कार्यक्रम, आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ लाई पनि सर्वसम्मत पारित गर्ने निर्णय भएको छ। यसका साथै, न्यायिक समिति, अर्थ तथा सार्वजनिक लेखा समिति, सुशासन तथा क्षमता विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र विधेयक समितिका आर्थिक वर्ष २०८१/०८२ का प्रतिवेदनहरू पनि सर्वसम्मत पारित गरिएको छ। बिर्तामोड नगरपालिकाले असार ९ गते आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि १ अर्ब ५१ करोड ८३ लाख ८२ हजार रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको थियो ।

# नागार्जुनका मेयर बस्नेतलाई ११ वर्ष कैद सजाय



झापा । विशेष अदालतले नागार्जुन नगरपालिकाका प्रमुख मोहन बस्नेतलाई ८ वर्ष ३ महिना कैद हुने ठहर गरेको छ। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्य रामबहादुर थापाको इजलासले उनलाई घुस लिएबापत ८ वर्ष र मेयर जस्तो ओहोदामा बसेका कारणले थप ३ महिनाको कैद सजाय सुनाएको हो। यस्तै सम्पत्ति शुद्धीकरणमा थप ३ वर्ष कैद तोकिएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले थाहाखबरलाई जानकारी दिए। अदालतले घुस लेनदेन भएको ठहर गर्दै बस्नेतसहित ४ जनालाई जनही २ करोड ३० लाखका दरले जरिवानासमेत तोकेको छ। सम्पत्ति शुद्धीकरणतर्फ बस्नेतले १३ करोड १२ लाख ७३ हजार ३२ रूपैयाँको कसूर गरेको ठहर गर्दै बिगोको दोब्बर २६ करोड २५ लाख ४६ हजार ६४ रुपैयाँ जरिवाना हुने र सम्पत्ति तथा जग्गासमेत जफत हुने ठहर गरेको विशेष अदालतले जनाएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनीविरूद्ध गत पुस १५ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

# सरकारी सुविधा नलिने तयारीमा पूर्व राष्ट्रपति भण्डारी



झापा(प्रस) । नेकपा एमालेको सक्रिय राजनीतिमा फर्कने घोषणा गरेकी पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्व राष्ट्रपतिको हैसियतमा पाउँदै आएको सरकारी सेवा सुविधा अबदेखि नलिने तयारी गरेकी छन् । पूर्व राष्ट्रप्रमुखको सेवा सुविधा कायमै राखेर पार्टीको राजनीति गर्दा प्रश्न उठ्ने भएपछि साउन महिनाबाट सरकारी सेवा सुविधा नलिन गृह मन्त्रालयलाई पत्र पठाउने तयारी भएको बताइएको छ ।

भण्डारीलाई गृह मन्त्रालयले एक उपसचिव सरहका स्वकीय सचिव, कार्यालय सहयोगी समेतको लागि मासिक डेढ लाख रुपैयाँ उपलब्ध गराउँदै आएको छ । भण्डारीको सुरक्षामा खटिएका सुरक्षाकर्मी भने हटाउन नमिल्ने स्रोतको भनाइ छ ।

# एसईई स्पिकरको उपाधि मेचीनगरका राउतलाई

धरान । र्‍याडिकल लाईट नेपाल प्रा.लि.धरानद्वारा आयोजित कोशी प्रदेशस्तरीय 'एसईई.स्पिकर'-२०८१, सिजन-५ को उपाधि झापा मेचीनगर ९ धुलाबारीको होलीबेल अंग्रेजी माविका आविष्कार राउतले जितेका छन् ।

सोमबार सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न भव्य ग्रान्ड फिनालेमा आविष्कारले नगद ५५ हजार रुपैयाँ, ट्रफी र प्रमाण–पत्रसहित उपाधि प्राप्त गरे ।

जितपश्चात् उनले आफूसँग प्रतिस्पर्धा गर्ने सबै जना एकभन्दा एक प्रतिभाशाली रहेको बताउँदै उपाधि प्राप्त गर्न पाउँदा अत्यन्त हर्षित भएको प्रतिक्रिया दिए । प्रतियोगितामा पब्लिक हाईस्कुल धरानकी जिज्ञासा भट्टराई फस्ट रनर अप बन्दै नगद २५ हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरिन् ।
ब्लुम नेपाल स्कुल इटहरीका शुभम पोखेलले सेकेन्ड रन रअपको स्थान हासिल गर्दै १० हजार नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरे । यस्तै, जेम सेकेन्डरी स्कुलकी सन्जिना राईले थर्ड रनरअपको उपाधि हात पार्दै ५ हजार नगद, ट्रफी र प्रमाण-पत्र प्राप्त गरिन् ।

यस वर्षको स्पिकर फिनाले विभिन्न उपशीर्षकहरूमा समेत बहुआयामिक प्रतिभा प्रदर्शन गर्ने प्रतियोगीहरूलाई सम्मानित गर्दै अझ सशक्त बनाइएको थियो । इटहरीस्थित शिक्षादीप एकेडेमीकी समिक्षा पौडेलले सबैभन्दा बढी दर्शकको मन जित्दै पब्लिक चोइस अवार्ड प्राप्त गरिन् भने बेबिलोन इङ्लिस सेकेन्डरी स्कुलकी होमिता पोखेल प्रेरणादायी प्रभाव छोड्न सफल भई मस्ट इन्स्पिरेसनल स्पिकरको उपाधिमा सम्मानित भइन् ।




प्रस्तुतिमा आत्मविश्वासपूर्ण शैली देखाएकी एभरेस्ट चिल्ड्रेन बोर्डिङ पानमाराका निशान बिश्वकर्मालाई मस्ट कन्फिडेन्ट स्पिकर, धाराप्रवाह प्रस्तुति र रचनात्मकतालाई उत्तिकै बलियो रूपमा प्रस्तुत गरेकी पब्लिक हाईस्कुलकी आयुषा पौडेललाई मस्ट ट्यालेन्टेड स्पिकरको उपाधि प्रदान गरियो ।

यस्तै, उत्कृष्ट उच्चारण र स्पष्ट अभिव्यक्तिको आधारमा सुनाखरी एकेडेमी धरानकी नाबिया सरखानाले बेस्ट आर्टिक्युलेटर, डिपोट सेकेन्डरी स्कुलकी रोशनी नेपालले बेस्ट एमर्जिङ स्पिकर, र भानु स्मृति मा।बि। धरानकी प्रतीक्षा तामाङले मस्ट इन्फर्मेटिभ स्पिकरको उपाधि हात पारिन् ।लोटस इङ्लिस बोर्डिङ स्कुलकी सृष्टिका राई प्रस्तुतिमा नविनता र सिर्जनात्मकता देखाएर मस्ट क्रिएटिभ स्पिकर घोषित भइन् ।

तर्क शक्ति र प्रभावकारी शैली प्रदर्शन गरेकी केके इन्टरनेसनल स्कुलकी तपस्या भण्डारीलाई मस्ट पर्सुएसिभ स्पिकरको उपाधि दिइयो ।

विषयवस्तुसँग गहिरो सम्बन्ध स्थापित गरेर बोल्न सफल हिबिस्कस इङ्लिस बोर्डिङ स्कुलकी दिविका राई बेस्ट थिमेटिक स्पिकर घोषित भइन् भने पब्लिक हाईस्कुलकी साक्षी मिश्रले मस्ट कोअपरेटिभ स्पिकरको उपाधि प्राप्त गरिन् ।
कार्यक्रममा विजेता तथा उपविजेताहरुलाई एन प्याब्सनका केन्द्रिय उपाध्यक्ष एवं होली गार्डेन स्कुलका प्रिन्सिपल राजेन्द्र गुरुङ, निर्णायकद्वय टंक भट्टराई र अशोक पोखेल, सुनाखरी एकेडेमीका प्रिन्सिपल मिलनकुमार राई, सरस्वती निकेतन बोर्डिङ स्कुलका प्रिन्सिपल बमबहादुर बिश्वकर्मा लगायतले पुरस्कार र प्रमाणपत्र वितरण गरे ।

अन्तिम चरणमा पुगेका १५ जना प्रतियोगीहरूलाई "बढ्दो भ्रष्टाचार र देशको अवस्था", "लागूऔषधको प्रयोग चुनौती र समाधान", "युवा पलायन राष्ट्र निर्माणमा चुनौती", "बढ्दो सवारी दुर्घटना" र "डिजिटल क्रान्तिले जीवनशैलीमा ल्याएको परिवर्तन" जस्ता पाँच महत्वपूर्ण शीर्षकमध्ये गोला प्रणालीद्वारा छानिएको विषयमा बोल्ने अवसर प्रदान गरिएको थियो ।

निर्णायक मण्डलमा महेन्द्र बहुमुखी क्याम्पसका उप-प्राध्यापक राजेश विद्रोही, सहिद स्मृति माबिका शिक्षक टंक भट्टराई र शिक्षा सदन माबिका शिक्षक अशोक पोखेल रहेका थिए । वाककला, सार्वजनिक प्रस्तुति र नेतृत्व क्षमताको अभिवृद्धिसँगै विद्यार्थीको खाली समयको सिर्जनात्मक सदुपयोग गर्ने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको र्‍याडिकल लाईट नेपालका अध्यक्ष तिर्थ कार्कीले जानकारी दिए ।

कार्यक्रममा सुमेधा एजुकेसन नेटवर्क प्रालिका अध्यक्ष सुरेन्द्र घिमिरे, नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष सन्तोष काफ्ले, निवर्तमान सहसचिव भोला श्रेष्ठ, रोटरी क्लब अफ धरान घोपाका अध्यक्ष गौरवमान श्रेष्ठ, र भानु स्मृति माबिका प्रधानाध्यापक रबिन सुबेदीलगायतको उपस्थिति रहेको थियो ।

# कांग्रेस कार्यालय अगाडि प्रदर्शन



झापा(प्रस) । नेपाली कांग्रेसको विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) को अधिवेशन हुनुपर्ने माग गर्दै विद्यार्थीहरुले प्रदर्शन गरेका छन्। सोमबार पार्टीको केन्द्रीय कार्यसमिति बैठकअघि नेविसंघ नेताहरूले केन्द्रीय कार्यालय सानेपामा प्रदर्शन गरेका हुन्।

प्रदर्शनमा सहभागी विद्यार्थी नेताहरुले 'म म्यादि नेविसंघ, मेरो अधिवेशन कहिले ? म मेरो पार्टीले बन्धक बनाएको नेविसंघ, म ९ वर्षसम्म अधिवेशन नगराउने लोकतान्त्रिक पार्टीको नेविसंघ' जस्ता प्लेकार्ड बोकेर प्रर्दशन गरेका हुन् ।
उनीहरुले कालो कपडाले शरीर र मुख छोपेर विरोध जनाएका छन् ।
मातृ पार्टीले दिएको जिम्मेवारी पूरा गर्न नसक्ने वर्तमान नेविसंघ नेतृत्वलाई पदमुक्त गरी विधान बमोजिम नयाँ कार्यसमिति गठन गर्न माग गरेका छन् ।

सभापति र पार्टीका पदाधिकारीहरुलाई नर्सरी मासेर बगैँचा बनाउँछौँ भन्ने खोक्रो भाषण नदिन आग्रह गर्दै र अधिवेशन हुने कुनै आधार बिना म्याद थप किन गर्ने भन्दै प्रश्न गरेका छन् ।

# फर्निचर उद्योगमा आगलागी हुँदा १२ लाखको क्षति

झापा(प्रस) । झापाको बिर्तामोड बसपार्कमा रहेको एक फर्निचर उद्योगमा आगलागी भएको छ ।

अर्जुनधारा- ११ बसपार्क बस्ने मोतीबहादुर खड्काले आफ्नो टिनको छानो,टिनको घेराबारा भएको एकतले घरमा सञ्चालन गरेको खड्का फर्निचरमा



आइतवार मध्यरातमा विद्युत सर्ट भई आगलागी भएको हो । आगलागीबाट फर्निचरमा रहेको काठ चिर्ने मेसिन र काठपातहरु पूर्णरुपमा जलेर नष्ट हुँदा अन्दाजी १२ लाख बराबरको धनमाल क्षति भएको छ ।
अस्थायी प्रहरी पोष्ट बसपार्कमा जानकारी प्राप्त हुनासाथ खटिएका प्रहरी,बिर्तामोड नगरपालिकाको दमकल र स्थानीयहरुको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## चार तलामाथिबाट खसेर दुई मजदुरको मृत्यु

झापा । काठमाडौंको दरबारमार्गस्थित एक घरको चौथो तलाबाट खसेर लिफ्ट बनाउँदै गरेका दुई मजदुरको मृत्यु भएको छ।
काठमाडौं महानगरपालिका-१ दरबारमार्गस्थित हिटीपोखरी नजिक पोतला डेभलभमेन्ट प्रालिले बनाउँदै गरेको निर्माणाधीन नौतले घरको चौथो तलाबाट खसेर उनीहरूको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए। मृत्यु हुनेमा कैलालीका ३० वर्षीय प्रदेशी चौधरी र बर्दियाका २२ वर्षीय विशाल चौधरी रहेका छन्। आज साँझ ५ बजेतिर उनीहरू चौथो तलामा लिफ्टमा बसेर ग्रिज लगाउँदै गर्दा फलामको सिक्री चुँडिएर गम्भीर घाइते भएका थिए। तत्कालै उद्धार गरी वीर अस्पताल लगिएकामा चिकित्सकले दुवैजनालाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश,ताप्लेजुङ जिल्ला ,सिकैचा गा.पा वडा नं.-५ स्थायी ठेगाना भई झापा जिल्ला कचनकवल गा.पा वडा नं.-२ बस्नुहुने, श्री जयनारायण दाहालका नाति, श्री मोतिलाल दाहालका छोरा, स्व.दुर्गाप्रसाद दाहालको मिति २०८२/०२/२७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय बनियानीमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती लक्षिमा देवी दाहालले मिति २०८२/०३/१५ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस)दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## ७ दिने सूचना

सधियार पूर्व : श्री सरिता मगर, पश्चिमः बाटो उत्तरः श्री बालकुमारी क्षेत्री दक्षिण : श्री प्रदिप जोशीको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ६ बस्ने श्री प्रणीता राई ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | - | १९६८० | ०-०-११ | - | २०८२/०३/१७ | २०८२/०३/०९ |



## डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# लम्पी स्किन रोक

दुई वर्षअघि गाईभैँसीमा महामारीको रूपमा देखिएको लम्पी स्किनको सङ्क्रमण पुनः देखिन थालेको छ । यो वर्ष सुरु भएदेखि मोरङ, रुकुम र रुकुमपश्चिम गरी तीन वटा जिल्लामा यो रोग पुष्टि भएको पशुसेवा विभागले उल्लेख गरेको छ । नेपालमा पहिलो पटक विसं २०७७ सालको असार, साउन महिनामा मोरङबाट लम्पी स्किन पुष्टि भएको थियो । सोही समय १५-१६ वटा जिल्लामा सङ्क्रमण पुष्टि भएको थियो ।
आर्थिक वर्ष २०७८-७९ मा त्यती धेरैमा पुष्टि नभए पनि आर्थिक वर्ष २०७९-८० मा भने ७७ वटा जिल्लाबाट ६५ हजारको हारहारीमा गाईभैँसीको लम्पी स्किनबाट मृत्यु भएको थियो । यो रोग जुनसुकै मौसममा देखिए पनि बर्खायाममा बढी देखिने गरेको छ ।

लम्पी स्किन रोग क्याप्रिपक्स प्रजातिको लम्पी स्किन डिजिज भाइरसका कारण सङ्क्रमण हुने गर्छ । यो रोग सर्ने गाईभैँसीमा बढी मात्रमा देखिने गर्छ । यो रोग अति सङ्क्रमक भएकाले छोटो समयमा धेरै स्थानमा फैलिने गर्छ ।
लामखुट्टे, झिङ्गा, किना, भुसुना आदिको टोकाइबाट एक पशुबाट अर्कोमा सर्ने पशु चिकित्सक बताउँछन् । रोगी पशुको सिङ्गान, र्‍याल, सङ्क्रमित पशुको प्रत्यक्ष सम्पर्कमा आएका पशु, लसपस भएको दानापानी, सोत्तरबाट एक पशुबाट अर्कोमा सर्ने गर्छ । गोठमा काम गर्ने मानिस, उपचार गर्ने चिकित्सकबाट, एक पशुबाट अर्कोमा सर्ने गर्छ ।

उच्च ज्वरो आउने, दाना पानी कम खाने र दुधको उत्पादन घट्ने ।, छालामा साह्रो गिर्खा आउने, गिर्खाहरु केही समयपछि हराउने वा कहिलेकाही गिर्खाहरू फुटेर गहिरो घाउ हुने, किरा पर्ने यो रोगको प्रमुख लक्षण हो ।
त्यो बाहेक नाकमुख भित्र, कल्चौडा, थुनामा घाउ हुने, आँसु, र्‍याल, सिङ्गान आउने, चिप्रा कचेरा लाग्ने, खुट्टा जोर्नी सुनिन्ने, गोबर तथा पिसाबमा रगत देखिनेजस्ता लक्षण देखिने गर्छन् ।
लम्पी स्किन रोग भाइरसबाट लाग्ने रोग भएकोले यसको खासै उपचार हुँदैन । रोगका लक्षणका आधारमा उपचार गरिने चिकित्सकको भनाइ छ । ज्वरो घटाउने, चिलाउन कम गर्ने, घाउ सुकाउने, घाउमा झिङ्गा बस्न नदिन प्राविधिकको सल्लाह अनुसार उपचार गर्नुपर्ने हुन्छ । लम्पी स्किन रोगबाट सङ्क्रमतिमध्ये दुईदेखि तीन प्रतिशत पशुको गम्भीर लक्षण देखिएर मृत्यु हुनेगर्छ ।
लम्पी स्किन रोग अति सङ्क्रामक र प्रत्यक्ष सम्पर्कमा आउने अन्य पशुलाई सजिलैसँग सर्न सक्ने प्रकृतिको भएकोले रोग देखा परेका क्षेत्रमा पशुलाई सामूहिक चरन वा अन्यत्र नलैजान चिकित्सकको सुझाव छ ।
उपचार बाहेक बिरामी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, नरम घाँस झोलिलो पदार्थ ,सख्खर, गुँड पानी, इलेक्ट्रोलाइट खुवाउनुपर्छ । हालसम्म एक पटक लम्पी स्किन रोग लागेर निको भएको पशुले अन्य पशुलाई रोग सारेको कुनै पनि अध्ययनले नदेखाएको जनाइएको छ ।




# संसदीय अभ्यासको थालनी



• डा जगत नेपाल

नेपालले कहिलेदेखि संसदीय अभ्यास थालेको होला ? खोजी गर्ने क्रममा सङ्घीय संसद् सचिवालयका प्रकाशनको अध्ययन गरेँ । हाम्रो संसद्ले गरेको अध्ययनमा प्रतिनिधि सभा र महासभा (२०१६-०१७), प्रतिनिधि सभा र राष्ट्रिय सभा (२०४८, २०५१, २०५६), पुनर्स्थापित प्रतिनिधि सभा (२०६३) र व्यवस्थापिका संसद् (२०६३-२०६४), संविधान सभा (२०६५ र २०७०), प्रतिनिधि सभा र राष्ट्रिय सभा (सङ्घीय संसद् २०७४ र २०७९) लाई विशेष रूपमा समेटिएको पाएँ ।

राणा शासनकालको आखिरी कालखण्डमा भारदारी र राष्ट्र सभाका नाममा भएको संसदीय अभ्यास, २००७ को राजनीतिक क्रान्तिपछि बनेका तीन वटा सल्लाहकार सभा (२००८, २०११ र २०१५) र २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले संसदीय शासन व्यवस्था अन्त्य गरी ३० वर्षसम्म चलाएको निर्दलीय पञ्चायतकालमा गरिएको राष्ट्रिय पञ्चायतको अभ्यासका बारेमा खासै अध्ययन, अनुसन्धान भएको पाइएन । केही प्रकाशनमा राणाकालीन संसद् र सल्लाहकार सभाको नाम उल्लेख भए पनि त्यो कालखण्डको संसदीय अभ्यास कस्तो थियो भन्ने बारेमा जान्न बुझ्न खोज्नेहरूका लागि त्यो बेलाका कुनै अभिलेख सुरक्षित रहेको पाइएको छैन ।

राणाकालीन संसद्का दुई वटा बैठक भएको देखिन्छ । जसलाई धेरै लेखकले नेपाली संसदीय अभ्यासको उद्गम विन्दु मानेका छन् । के त्यही हो त नेपाली संसदीय अभ्यासको प्रारम्भ विन्दु ? केही वर्षयता पङ्क्तिकार यस प्रश्नको उत्तर खोज्ने प्रयासमा लागिरहेको छ । पुराना दस्ताबेज र अभिलेखको संरक्षण नभएका कारण सत्य, तथ्यमा आधारित भएर यस प्रश्नको उत्तर खोजी गर्ने काम जटिल र चुनौतीपूर्ण छ । संघीय संसद्को पुस्तकालयमा २०१५ को आम निर्वाचनपछि बनेको पहिलो जननिर्वाचित संसद् गठन भएयताका संसद् बैठकका अभिलेख सुरक्षित छन् । त्यसअघि सल्लाहकार सभामा र राणाकालीन संसद्का कुनै कागजात सुरक्षित छैनन् । यो अवधिको संसदीय काम कारबाहीका बारेमा बुझ्ने क्रममा मैले सल्लाहकार सभा सदस्य ढुण्डीराज शर्माद्वारा लिखित 'पार्लियामेन्ट र सल्लाहकार सभा' नामक पुस्तकबाहेक अन्य अभिलेख फेला पार्न सकेको छैन ।

संघीय संसद् पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, मदन पुस्तकालय, सार्वजनिक पुस्तकालय, डिल्लीरमण रेग्मी पुस्तकालय, केशर पुस्तकालय, प्रज्ञा प्रतिष्ठानको पुस्तकालय, रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालयमा खोजी गर्दा २०१५ सालअघिको संसदीय अभ्यासलाई केन्द्रमा राखेर गरिएका अध्ययन, अनुसन्धान, पुस्तक र अन्य सामग्री फेला पार्न सकिएन ।

**बेलायती संसद्को पहिलो अवलोकक ज□बहादुर**

यिनै पुस्तकालयमा भेटिएका केही पुस्तकको अध्ययनपछि मलाई थाहा भयो, बेलायती वेस्टमिन्स्टर प्रणालीको संसदीय अभ्यास हेर्ने पहिलो नेपाल शासक जङ्गबहादुर राणा थिए । विसं १९०६ माघ ४ गते भाइहरू जगत्शमशेर र धीरशमशेरसहित १२ प्रमुख भारदार र दुई दर्जन बढी नोकरका साथ बेलायतका लागि काठमाडौँबाट प्रस्थान गरेका जङ्गबहादुर विसं १९०७ जेठ १५ गते लन्डन पुगे । आफ्ना दुई भाइ जगत्शमशेर र धीरशमशेरका साथ आफैँ संसद् भवन पुगेर त्यहाँ भएको बहस, छलफल हेरे । नेपाल मात्र होइन, सिङ्गो दक्षिण एसियमै बेलायती संसद्मा पुग्ने जङ्गबहादुर नै पहिलो शासक हुन् । सन् १८५० जुन २४ (विसं १९०७ असार १२) का दिन जङ्गबहादुरले वेष्टमिनिस्टर भवन (पार्लियामेन्ट हाउस) मा पुगेर संसदीय अभ्यास अवलोकन गरेका थिए । तीन करोड खर्च गरेर बनाइएको संसद भवन, त्यहाँ भएको उच्च स्तरीय छलफल र बहसबाट उनी निकै प्रभावित भए । यस प्रसङ्गमा कमलमणि दीक्षित 'जङ्गबहादुरको बेलायत यात्रा' नामक पुस्तकमा लेख्छन्– पारमेन्ट (पार्लियामेन्ट, संसद्) कौसलले कसैको विपरीत सहँदैन, यसले कानुनविपरीत गए बादशाह (राजा) लाई पनि हटाउन सक्छ । प्रधानमन्त्री, कमाण्डर इन चिफ, जसलाई पनि च्युत गर्न सक्छ । जबसम्म बेलायती संसद्को थिति रहन्छ तबसम्म बेलायत रहन्छ र तिथि नरहेका दिन बेलायत आफैँ डुब्छ ।

**'पार्लियामेन्ट्री कौशल'को स्थापना**

युरोपबाट फर्किएलगत्तै जङ्बहादुरले जनताको राय बुझेर शासन सञ्चालन गर्ने उद्देश्यका साथ नेपालमा बेलायती शैलीको संसदीय अभ्यास अघि बढाउन खाजेको पाइन्छ । यस क्रममा उनले वसन्तपुरमा 'पार्लियामेन्ट्री कौशल' को स्थापना गरे । शासकको आदेश कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका भन्दा शक्तिशाली हुने त्यस युगमा रैतिको राय लिएर शासन सञ्चालन गर्ने उद्देश्यका साथ 'पार्लियामेन्ट्री कौशल' को स्थापना हुन चानचुने कुरा थिएन । श्री ३ महाराजकै नेतृत्व रहने 'कौशल' मा मुलुकका प्रमुख मुद्दामा बहस गर्ने, कानुन तथा नीति निर्माण गरी प्रधानमन्त्रीको स्वीकृतिले कार्यान्वयन गर्ने परम्परा जङ्गबहादुरले सुरु गराए । हनुमानढोका राजदरबारको भण्डारखाल बगैँचा (हाल गोरखापत्र संस्थान रहेको स्थान नजिकै भूगोल पार्क र नेपाल बैङ्कको प्रधान कार्यालय रहेको स्थान) निर थियो, 'पार्लियामेन्टरी कौशल' भवन । २१९ सदस्यीय 'कौशल' लाई संसद् सरह ऐन, कानुन, सनद सवाल बारेमा छलफल गरी निष्कर्ष निकाल्ने जिम्मेवारी दिइएको थियो । जलेश्वरका लोकपति झा र लेखपति झालाई 'मुलुकी ऐन' को मसौदा गर्न लगाई पार्लियामेन्ट्री कौशलका सबै २१९ सदस्यको सहमतिमा स्वीकृत गराई उनले नेपालमा कानुनी शासनको शूत्रपात गरे । प्रधानमन्त्रीप्रति बफादार राणा, उनका भारदार र कर्मचारीलाई मात्र कौशलमा समावेश गरिएको भए पनि नेपालमा 'पार्लियामेन्ट्री कौशल' मार्फत कानुन निर्माण प्रक्रियाको थालनी हुनु तत्कालीन समाजका लागि युगान्तकारी कदम थियो ।

**पद्मशमशेर र संसद्**

जङ्गबहादुरपछि देवशमशेरले पनि नेपालमा संसदीय अभ्यास चलाउन खोजेका थिए । उदारवादी स्वभावका उनी थापाथली दरबारमा ठुलो हल बनाउन लगाएर त्यही संसद् सञ्चालन गर्ने तयारीमा थिए । त्यही बेला उनले आफ्नै भाइ चन्द्रशमशेरको कोपभाजनमा परी धनकुटा लखेटिनु पर्‍यो । जङ्गबहादुरपछि सबैभन्दा लामो समय शासन सत्तामा रहेका चन्द्रशमशेरको पालामा राणा शासन सबै भन्दा कठोर मोडमा पुग्यो । चन्द्रशमशेरले देशमा स्वतन्त्रताको आवाज उठ्न दिएनन् । उनी पछिका प्रधानमन्त्री जुद्धशमशेरका पालामा नेपालको पहिलो राजनीतिक दल प्रजापरिषद् गठन भयो । त्यो संस्थाले काठमाडौँका विभिन्न स्थानमा राणा विरोधी पर्चा छरेको अभियोगमा धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्री र गङ्गालाल श्रेष्ठ चार जनालाई मृत्यु दण्ड दिइयो ।

जुद्धशमशेरपछि प्रधानमन्त्री बनेका पद्मशमशेर उदारवादी सोचका शासक थिए । उनले २००४ सालमा मुलुकको पहिलो संविधान 'नेपालको वैधानिक कानुन, २००४' घोषणा गरे । त्यही संविधानले पहिलो पटक दुई सदनात्मक (भारदारी सभा र राष्ट्र सभा) व्यवस्थापिकाको परिकल्पना गरेको थियो । जनतालाई क्रमशः शासनमा सहभागी गराउने पद्मशमशेरको कदम कट्टरपन्थी राणाहरूलाई मन परेको थिएन । खास गरी प्रधानमन्त्रीको रोलक्रममा रहेका मोहनशमशेर र बबरशमशेर महाराज पद्मले राजनीतिक सुधार गरे भने राणा शासन अन्त्य हुन्छ भन्ने मान्यता राख्थे । भाइ भारदार र प्रशासनमा बलियो पकड भएका कट्टरपन्थी राणाहरूले आफूलाई मार्छन् भन्ने त्रासका कारण महाराज पद्म उपचारको वहानमा भारत गए र उतैबाट राजीनामा र श्रीपेच पठाइदिए ।

**मोहनशमशेरको संसद्**

पहिलो लिखित संविधान घोषणा भएको दुई वर्षपछि अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले आफ्ना भारदार र चाकरहरूलाई राखेर संसद् गठन गरी २००७ साल असोज ६ गते त्यसको बैठक बोलाए । २००७ साल असोज ९ गतेको गोरखापत्र लेख्छ "श्री ३ महाराजबाट नेपालको संसद्को उद्घाटन, सिंहदरबार ग्यालरी बैठकमा' शीर्षकमा मुख्य समाचार प्रकाशित भएको छ । त्यो संसद् गठन भएको पाँच महिनापछि २००७ सालको सशस्त्र क्रान्तिबाट राणा शासन अन्त्य भई मुलुकमा प्रजातन्त्र स्थापना भयो ।

**सल्लाहकार सभाको अभ्यास**

दुई वर्षभित्र संविधान सभा निर्वाचन गरी जनप्रतिनिधिले बनाएको संविधानका आधारमा मुलुकको शासन व्यवस्था अघि बढाउने मार्गचित्रका आधारमा अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरको अध्यक्षतामा नेपाली कांग्रेससहितको संयुक्त सरकार गठन गरियो । संविधान सभा चुनाव नहुञ्जेलसम्मका लागि व्यवस्थापिकाको काम गर्ने निकायका रूपमा राजा त्रिभुवनले २००८ साल असोज १६ गते ३५ सदस्यीय सल्लाहकार सभा गठन गरे । सभालाई सार्वजनिक महत्व र जनसरोकारका विषयमा छलफल बहस गर्ने, कानुन बनाएर स्वीकृतिका लागि राजासमक्ष सिफारिस गर्ने, बजेटमाथि छलफल गर्ने, मत दिने, सरकारलाई सल्लाह सुझाव दिने अधिकार थियो ।

संयुक्त सरकार बनेदेखि नै राणा कांग्रेसबिच विश्वासको वातावरण थिएन । अन्ततः संयुक्त सरकार पतन भई २००८ साल मङ्सिर १ गते नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बने । त्यो ऐतिहासिक घटनाका सम्बन्धमा नेपालको पहिलो दैनिक पत्रिका 'आवाज' ले 'शताब्दीदेखिको राणा प्रधानमन्त्री खत्तम, मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा नयाँ मन्त्रीमण्डल गठन, नारायणहिटी दरबारमा श्री ५ महाराजाधिराजको घोषणा' शीर्षकमा ब्यानर न्यूज बनाएको पाइन्छ ।

सल्लाहकार सभा गठन भएको नौ महिनापछि २००९ साल असार १६ गते बिहान ११.२० बजे ग्यालरी बैठकमा पहिलो बैठक बोलाइयो । त्यही दिन अध्यक्षका लागि भएको चुनावमा नेपाली कांग्रेसका तत्कालीन महामन्त्री कृष्णप्रसाद भट्टराई निर्वाचित भए । प्रतिद्वन्द्वी थिए, महाकवि लक्ष्मीप्रसाद देवकोटा । २००९ साल असार २१ गतेको अङ्कमा 'कृष्णप्रसाद भट्टराई सल्लाहकार सभाका अध्यक्ष, नेपालको इतिहासमा एउटा अर्को सुनौलो पाना' शीर्षकमा गोरखापत्रले मुख्य समाचार प्रकाशन गर्दै लेखेको छ, "देशमा पहिलो पटक भर्खरै गठित सल्लाहकार सभामा आज भट्टराई अध्यक्ष चुनिनुभयो । संसारको इतिहासमा सबभन्दा कम उमेरका स्पीकर चुनिएका भट्टराईले ३.३५ बजे अध्यक्षको आसनमा सुशोभित गर्नुभयो ।" अध्यक्षमा निर्वाचित हुँदा भट्टराई मात्र २८ वर्ष छ महिनाका थिए । २००७ सालको क्रान्तिपछि पहिलो जननिर्वाचित संसद् गठन हुँदासम्म व्यवस्थापिकाका रूपमा तीन वटा सल्लाहकार सभा बने ।

**जननिर्वाचित संसद् र संसद् दिवस**

अन्ततः २०१५ साल फागुन ७ गते संसद्का लागि पहिलो आमनिर्वाचन सुरु भयो । विभिन्न चरणमा मतदान गराइएकाले कुल १०९ निर्वाचन क्षेत्रको मत परिणाम आउन ४५ दिन लाग्यो । जननिर्वाचित संसद्को पहिलो बैठक २०१६ असार १६ गते रातको १२ वजे ग्यालरी बैठक सिंहदरबारमा सुरु भयो । जङ्गबहादुर राणाको पालादेखि बेलायती मोडेलको संसदीय अभ्यास गर्न खोजिए पहिलो पटक जननिर्वाचित संसद्को बैठक भएको दिन असार १६ लाई संसद् दिवसका रूपमा मनाउने प्रचलन रहिआएको छ । रोलक्रमका आधारमा १०४ वर्ष राणा परिवारका सदस्य मात्र प्रधानमन्त्री बने । २००७ सालको क्रान्तिपछि प्रधानमन्त्री नियुक्त गर्ने अधिकार राजाको हातमा पुग्यो । नेपालको इतिहासमा पहिलो पटक निर्वाचित संसद्मार्फत जनताले आफ्नो सरकार आफैँ बनाउने लोकतान्त्रिक अभ्यास आरम्भ गर्न पाए । जनमतका आधारमा सत्ता हस्तान्तरण हुने युगको थालनी भएकाले नै जननिर्वाचित संसद्को पहिलो बैठक भएको दिनको बढी महत्व छ । संसदीय व्यवस्था, यसको मर्म, भावना र जन अभिमतका आधारमा चल्न नसकेको भन्ने गुनासो बढिरहेको सन्दर्भमा- जनताले, जनताद्वारा, जनताका निमित्त गरिने शासन व्यवस्था नै संसदीय प्रणालीको मूल मन्त्र हो । नेतृत्व वर्गले यही मन्त्रलाई आत्मसात् गरेर अघि बढ्न सके सरकारका कामकारबाही र जनप्रतिनिधिको व्यवहारका विषयमा उठेका प्रश्नको निराकरण हुने छ ।

# शिक्षामा समान अवसर



• निशा चौधरी

'समान' भनेको बराबर हो र अवसर भनेको मौका हो । यस अर्थमा शिक्षामा समान अवसर भनेको शिक्षामा समान बराबर मौका दिनु पर्छ भनिएको हो । 'शिक्षामा समान अवसर' विश्वव्यापी नारा हो । कुनै पनि विद्यालय जाने उमेरका बालबालिकाले आफ्नो आर्थिक तथा सामाजिक स्तर, जातजाति, धर्म, लिङ्ग, वर्ण आदिका आधारमा विभेदरहित वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर पाउनु भन्नु नै शिक्षामा समान अवसरको मूल मर्म हो । वर्तमान युगमा शिक्षा मानिसको आधारभूत आवश्यकताका रूपमा स्थापित भइसकेको छ । प्राथमिक तहसम्मको शिक्षालाई नै प्रारम्भिक शिक्षा भन्ने गरिन्छ । प्राथमिक शिक्षामा सबैको अवसर हुनु पर्छ भनिए पनि अझै प्राथमिक विद्यालय उमेर (५-१२) वर्षका ५.७ प्रतिशतभन्दा बढी बालबालिका विद्यालय बाहिर रहेको कुरा अनुसन्धानले देखाएका छन् । विद्यालयमा भर्ना भएका मध्ये पनि कक्षामा अनुपस्थित हुने, बिचैमा कक्षा छाड्ने, असफल हुने जस्ता समस्या रहेका छन् ।

समान अवसरका अवरोध

शिक्षामा समान अवसरका कुरा गर्न जति सजिलो छ व्यावहारिक रूपमा उतार्न धेरै गाह्रो छ । कुनै ठाउँमा विद्यालय खोल्दैमा र पाठ्यपुस्तकको निःशुल्क वितरण गर्दैमा शिक्षामा समान अवसरलाई शत प्रतिशत व्यवहारमा उतार्न सकिँदैन । शिक्षाको समान अवसरमा धेरै तत्वले बाधा पुर्‍याइरहेको हुन्छ ।

भौगोलिक कठिनाइ : देशको भौगोलिक कठिनाइका कारण शिक्षाको समान अवसरमा बाधा पुग्छ । भौगोलिक रूपले कठिन स्थानमा पूर्वाधार जस्तैः सडक, यातायात, खानेपानी, विद्युत्, सञ्चार जस्ता सुविधाको राम्रो प्रबन्ध नहुँदा, विकट तथा दुर्गम ठाउँमा मानिसको जनघनत्व पनि कम हुँदा थोरै मानिसका लागि विद्यालयको सुविधा पुर्‍याउन गाह्रो हुन्छ । त्यस्ता ठाउँमा बालबालिका शिक्षातिरभन्दा खेतबारीमा काम गर्ने, भाइबहिनी हेर्ने, वस्तु चराउने जस्ता कार्यमा व्यस्त रहन्छन् । भौगोलिक रूपले विकट क्षेत्रका बालबालिकाको संख्या कम हुने हुनाले त्यस्ता बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्न सरकारी पक्षबाट बेवास्ता हुने र त्यस्ता बालबालिका विद्यालय भएका स्थानमा जान कठिन हुनाले शिक्षाको समान अवसरमा अवरोध हुन जान्छ ।

सुविधाको असमान वितरण : सबै ठाउँमा समान रूपले सुविधाको वितरण हुन नसक्नु नै सुविधाको असमान वितरण हो । विकासका अवसर ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रमा बढी केन्द्रित हुनु, गाउँपालिकाभन्दा नगरपालिकातर्फ विकास बढी गरिनु जस्ता कुरा सुविधाको असमान वितरणका उदाहरण हुन् । जब सुविधा समान रूपमा वितरण गर्न सकिँदैन यसले शिक्षाको समान अवसरमा बाधा पुर्‍याउँछ ।

जनसंख्याको उच्च वृद्धिदर : देशमा जनसङ्ख्या वृद्धिदर उच्च रहँदा उपलब्ध सीमित स्रोतसाधनबाट मानवका असीमित आवश्यकता पूरा गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा देशले मानिसका न्यूनतम आधारभूत आवश्यकतामा केन्द्रित रहनुपर्ने हुँदा शिक्षामा लगानी गर्न सक्दैन । यसै गरी मानिसले पनि आफ्ना न्यूनतम आवश्यकतालाई बढी प्राथमिकता दिनुपर्ने हुँदा उनीहरूले पनि शिक्षामा लगानी र खर्च गर्न सक्दैनन् । जसले गर्दा बालबालिका शिक्षाको समान अवसरबाट वञ्चित हुन्छन् ।

कमजोर आर्थिक अवस्था : समाजमा सबै मानिसको आर्थिक अवस्था एकै किसिमको हुँदैन । उच्च, मध्यम र न्यून आर्थिक अवस्था भएका मानिस मिलेर समाज बनेको हुन्छ । उच्च वर्ग जहिले पनि मध्यम र निम्न वर्गलाई काममा लगाउँछन् । मध्यम वर्ग जेनतेन आफ्ना व्यवहार चलाउँछन् भने निम्न वर्ग सधैँ ज्यालादारी तथा मजदुरी गरेर जीवन चलाउँछन् । जसले गर्दा त्यस्ता बालबालिका शिक्षाको अवसरबाट वञ्चित रहन्छन् ।

लैङ्गिक विभेद : लिङ्गको आधारमा गरिने विभेदका कारणबाट पनि शिक्षाको समान अवसरमा अवरोध उत्पन्न हुन जान्छ । एउटै आमाबुवाको कारणबाट पनि शिक्षाको समान अवसरमा अवरोध उत्पन्न हुन जान्छ । छोराछोरीबिच हुने विभेदले गर्दा छोरीलाई अर्काको घर जाने जात भएको भनि पढ्नबाट वञ्चित गरिन्छ भने छोरालाई पढ्नुपर्ने अनिवार्य गराइन्छ । जबसम्म लैङ्गिक विभेदको अन्त्य हुँदैन यसले शिक्षाको समान अवसरमा बाधा पुर्‍याइ रहन्छ ।

समान अवसरका उपाय

शिक्षामा समान अवसरका विभिन्न बाधा र चुनौती छन् तथापि त्यस्ता अवरोधलाई सामना गरेर शिक्षाको समान अवसरलाई विस्तृत रूपमा विस्तार गर्नुपर्ने आवश्यकता हुन्छ । शिक्षामा समान अवसर प्रदान गरेर सम्पूर्ण नागरिकलाई उनीहरूको शिक्षासम्बन्धी मौलिक अधिकारको सुनिश्चित गर्न निम्न उपाय अवलम्बन गर्न सकिन्छ ।

शैक्षिक लगानीमा वृद्धि : जबसम्म व्यक्ति, समाज, राष्ट्रले आफूले गर्ने शैक्षिक लगानीमा वृद्धि गर्दैनन् तबसम्म ठाउँ ठाउँमा विद्यालय स्थापना हुने, राम्रा शिक्षक भर्ना गर्ने र सबै बालबालिकालाई शिक्षाको अवसरमा समाहित गर्ने सम्भव हुन सक्दैन । अतः सबै बालबालिकालाई शिक्षाको समान पहुँचमा पुर्‍याउन शैक्षिक लगानीमा वृद्धि गर्नु पर्छ ।

सिपमूलक शिक्षाको विस्तार : शिक्षाको समान अवसर प्राप्त गर्न शिक्षा व्यावहारिक भएन भने विद्यार्थीले बिचैमा कक्षा छोड्ने, असफल हुने जस्ता समस्या आउन सक्छन् । यदि शिक्षाले सिपमूलक, व्यावसायिक एवं प्राविधिक ज्ञानको विस्तार गर्न सक्षम भयो

❖ बाँकी तेस्रो पृष्ठमा

# रासायनिक मलको राजनीति

झापा । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले केही दिनअघि रासायनिक मलका लागि बजेट अभाव रहेको बताएका थिए।

संसदीय समितिले आयोजना गरेको रासायनिक मलको सहज व्यवस्थापन विषयक बैठकमा मन्त्री अधिकारीले बजेट नपुगेका कारण मलको समस्या समाधान हुन नसकेको बताए।

मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठ पनि रासायनिक मल आयातमा अनुदानको बजेट अभाव रहँदै आएको सुनाउँछन्। 'मल नपुग्नुको एउटा कारण बजेट हो, माग र आपूर्तिको ग्याप पूर्ति गर्नका लागि सरकारले बजेट बढाउनुको विकल्प देखिँदैन' डा. श्रेष्ठले भने।

हरेक वर्ष सरकारले अनुदानको मल खरिद गर्न अर्बौं रूपैयाँ छुट्याउने गरेको छ तर न मल पुग्छ, न कृषिजन्य उत्पादन सन्तोषजनक वृद्धि हुन सकेको छ। आर्थिक वर्ष २०७९/८० मा मल खरिदका लागि १५ अर्ब रूपैयाँ विनियोजन गरिएकोमा २०८०/८१ मा मल आपूर्ति र वितरण प्रकृयालाई व्यवस्थित र पारदर्शी बनाइने भन्दै अनुदानको रकम अघिल्लो वर्षभन्दा दोब्बर ३० अर्ब रूपैयाँ पुऱ्याइयो।

सरकारले चालु वर्षका लागि उक्त शीर्षकको रकम घटाएर २७ अर्ब ९५ करोड झारेको छ भने आगामी आर्थिक वर्ष २०८२/८३ मा रासायनिक मलको आपूर्ति बढाएर ६ लाख मेट्रिक टन पुऱ्याउने लक्ष्यसहित २८ अर्ब ८२ करोड रूपैयाँ अनुदानका लागि विनियोजन गरिएको छ।

मन्त्रालयले पाँच वर्ष (आव. २०७६/७७-२०८०/८२ सम्म) मा मन्त्रालयबाट खर्च भएको १ खर्ब ७ अर्ब ६६ करोड २७ लाख ८९ हजार कृषि अनुदानमध्ये अप्रत्यक्ष अनुदानतर्फ रासायनिक मलमा ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रूपैयाँ वितरण भएको छ तर मलको समस्या ज्यूँ का त्यूँ छ। लामो समयदेखि मलको मूल्य समायोजन हुन पनि सकेको छैन। एकपटक मूल्य बढाइए पनि फिर्ता लिनु परेको थियो। मूल्य केही बढाइयो भने पनि समस्या समाधानमा मद्दत पुग्ने अधिकारीहरूको विश्वास छ।

'किसान केही थप मूल्य तिरेर भए पनि चाहिए जति मल लिन खोजिरहेका छन्, यदि हामीले अनुदान बजेट बढाउन नसक्ने हो भने हामीले एउटा गरिदिनुपर्ने भनेको मूल्य समायोजन नै हो', उनले थपे।

**वर्षेनि किन हुन्छ त अभाव?**

त्यसो त पैसा भएर मात्र पनि सधैँ मल आउँछ भन्ने ग्यारेन्टी छैन। नेपालमै रासायनिक मल उत्पादन गर्ने कारखाना छैन, जसका कारण विदेशबाट मल किनेर ल्याउनुपर्ने बाध्यता छ। मलका लागि अन्तरराष्ट्रिय बजारमा भर पर्नुपर्ने भएपछि मूल्य घटबढ भइरहन्छ। कहिले काहीँ निर्यातकर्ता देशहरूले निर्यात बन्द गर्छन् भने विश्वका विभिन्न देशमा बेलाबेला हुने युद्धका कारण पनि आपूर्तिमा समस्या हुने उनले बताए।

'विभिन्न कारणले मूल्य उतारचढाव, उत्पादक देशले निर्यात नगरिदिने, विश्वव्यापी द्वन्द्वको प्रभावले गर्दा आपूर्तिमा अवरोध आउँछ, हाम्रो खरिदको प्रकृया पनि लामो छ, यसक्रममा बोलपत्र आह्वान र बोलपत्र गर्दाको मूल्यमा अन्तर आइसक्छ, त्यसले गर्दा टेन्डर नपर्ने, टेन्डर पर्यो, सम्झौता भयो भने पनि मल नल्याउने समस्या छ', सहसचिव डा. श्रेष्ठले भने।

तथापि सरकारले लगानी बोर्डमार्फत रासायनिक मल कारखाना स्थापना गर्न आवश्यक तयारी गर्ने उल्लेख गरेको छ। जर्मन कम्पनी डायगले सम्भाव्यता अध्ययन गरी मल कारखानाका लागि नवलपरासीको बर्दघाट क्षेत्र



प्रस्तावसहितको प्रतिवेदन बोर्डमा बुझाएपछि थप कार्य अगाडि बढेको छ।

एकातिर मल कारखानालाई लिएर उत्साहित देखिएको सरकार अर्कोतर्फ प्राङ्गारिक कृषि प्रवर्द्धनमा जोड दिँदै ४० करोड रूपैँया छुट्याउँछ, यसलाई हेर्दा सरकार मलको नीतिमा अलमलमा देखिएको विज्ञ बताउँछन्। यसका बाबजुद मुलुकभित्रै कारखाना बनेर उत्पादन गर्न सके मलको वर्षेनी आइपर्ने समस्या समाधान हुने धेरैलाई विश्वास लागेको छ।

सरकारले विनियोजन गरेको अनुदान बजेटअनुसार कृषि सामग्री कम्पनी लिमिटेड ७० प्रतिशत र साल्ट ट्रेडिङ्गले ३० प्रतिशत मल खरिद गरी ल्याउँछन्। संघले खेतीयोग्य जमिन, सिँचाइको उपलब्धता, बाली सघनता र पहिले भएको खपत परिमाणका आधारमा सात वटै प्रदेशका लागि कोटा तोकिदिन्छ।

प्रदेश सरकारले पालिकालाई पनि कोटा तोकेर कृषि सामग्री र साल्टका डिपोबाट पालिकाहरूमा मल परिचालन गर्छ। त्यसपछि पालिकाले सहकारीलाई सिफारिस गर्छ र सहकारीले मल डिपोबाट लगेर किसानहरूलाई बिक्री वितरण गर्छन्।

यस प्रकृयामा विचौलियाहरू हाबी हुँदा वास्तविक किसानले सहजरूपमा मल पाउन नसकिरहेको कृषि क्षेत्रका जानकारहरू बताउँछन् । सहसचिव श्रेष्ठ पनि किसानसम्म मल पुग्दा वितरणमा समस्या देखिएको स्वीकार्छन्।

'सहकारीलाई डिलरशिप दिँदा, नवीकरण गर्दा तेरो-मेरो भन्ने, यथार्थमा किसानसँग नगाँसिएका केही झोले सहकारीलाई पनि डिलरशिपको सिफारिस गर्ने, तिनले मल वितरणमा अनियमितता गर्ने खालका बेथिति हामीले पनि सुनेका छौँ, यसलाई नियन्त्रण गर्न पालिकालाई थप जिम्मेवार बनाउने गरी कार्यविधिमा सुधार गरेका छौँ।'

कृषिविज्ञ डा. कृष्ण पौडेल भने मलको विकल्प खोज्नेतिर सरकारको ध्यान नपुगेको बताउँछन्। छुट्याएको बजेट अनूरूपको मल ल्याउने, समयमा पुऱ्याउन तदारुकता नदेखाइएको उनको भनाई छ।

'सरकार मलको सन्दर्भमा स्पष्ट भइरहेको छैन, हाम्रो कृषिको कर्मचारीतन्त्र पनि पूर्णरूपमा जिम्मेवार देखिँदैन', उनले भने, 'पैसा भयो, मल पुग्छ भनेर उनीहरू आफैँलाई ढाँटिरहेका छन्, समयमा मल ल्याउन नसक्नु ब्यूरोक्रेसीको अकर्मण्यता हो।'

सहसचिव डा. श्रेष्ठ भने मल खरिद प्रकृया पारदर्शीरूपमा इ-बिडिङमा हुने जानकारी गराउँदै रासायनिक मलको सहज आपूर्तिका लागि कृषि मन्त्रालय नियमितरूपमा वर्षैभरि लागिरहेको बताउँछन्। बाहिरबाट मल खरिद गरी ल्याउने प्रकृया लामो हुँदा पनि समयमा मल उपलब्ध हुन नसकेको बताइन्छ।

विभिन्न मुलुकबाट आयात हुने मलहरू बोलपत्र आह्वान गरेपछि पनि नेपालमा मल भित्रन औसत २२७ दिन (झन्डै ८ महिना) सम्म लाग्छ। 'त्यो अवधिभर मन्त्रालयले पूरै तयारी गरेको हुन्छ, अर्को वर्षको पुस मसान्तसम्म नेपाल भित्रिने मलको सबै टेन्डर यही वर्ष भइसकेको हुन्छ', सहसचिव श्रेष्ठले भने।

कति चाहिन्छ मल?

देशभर वर्षभरीलाई खासमा कति मल चाहिन्छ भन्ने यकिन तथ्यांक छैन। जसले माग र आपूर्तिबीचको वास्तविक अन्तर प्रष्ट छैन। कृषिमा यान्त्रिकरण, आधुनिकीकरणको नाममा माटो बिगार्ने काम भइरहेको भन्दै कृषिविज्ञ डा.पौडेलले मल खपतको यकिन तथ्यांकसमेत सरकारसँग नरहेको बताउँछन्।

'मल कति चाहिन्छ भनेर सोध्यो भने यकिन तथ्यांक कसैले दिन सक्दैन', उनले भने,'तथ्यांक बिना मलमा कसरी स्पष्ट नीति बन्छ।'

मन्त्रालयका सहसचिव डा. श्रेष्ठका अनुसार खेती गरिएको जग्गा, सिफारिस गरिएको मात्राका आधारमा हिसाब गर्दा देशभर करिब १३ लाख मेट्रिक टन मलको आवश्यकता रहेको अनुमान छ। सरकारले साढे चारदेखि पाँच लाख टन मात्र अनुदानको मल ल्याउन सकेको छ भने केही मात्रामा खुल्ला सिमानाबाट पनि भित्रिने गरेको पाइन्छ।

'सबै किसानले सिफारिस गरिएको मात्रामा हाल्दैनन्, त्यसकारण हामीले वर्षको मल खपत हेर्दा नेपालमा ७ देखि ८ लाख टन भयो भने ठिकठिकै पुग्छ भन्ने अनुमान गरेका छौँ तर त्यो पनि पुग्दैन', सहसचिव श्रेष्ठले भने।

हाललाई रासायनिक मलको विकल्प नरहे पनि विस्तारै बिग्रिएको माटो सुधार गर्दै दीर्घकालमा देशको खाद्य सुरक्षालाई बचाइराख्न रासायनिक मलको विकल्प खोज्नुपर्नेमा उनले जोड दिए।

# अड्कियो विद्यालय शिक्षा विधेयक

झापा(प्रस) । नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबिच कुरा नमिल्दा विद्यालय शिक्षा विधेयक अड्किएको छ। सोमवार शिक्षा समिति बैठकमा विधेयक पास गर्ने तयारी थियो । तर, विधेयकमा महासंघले असहमति जनाएपछि विधेयक अड्किएको हो।

विधेयकमा अस्थायी, करार तथा राहत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गराउने विषयमा महासंघले आपत्ति जनाएको हो।

विधेयकमा ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट स्थायी गराउने सहमति जुटेको छ। तर, महासंघले ७५-२५ हुनुपर्ने माग राख्दै आएको छ। सोही




अनुसार नहुने भएपछि महासंघले सहमति नजनाउने बताएका हुन्।

सोमवार दिउँसो शिक्षामन्त्री रघुजी पन्तले ६०-४० मा सहमति जनाउन शिक्षकहरूलाई अनुरोध गरेका थिए। तर, महासंघ विगतमा भएको सहमति विपरीत जान नसकिने बताएका थिए।

महासंघका महासचिव तुलाबहादुर थापाले शिक्षामन्त्रीले ६०-४० मा सहमत हुन आग्रह गरेको बताए । '६०-४० मा मानिदिनुहोस् भनेर हात जोड्नुभयो। हामीले मान्दैनौ भनेर निस्कियौ,' थापाले भने।

त्यस्तै कार्यसम्पादन मूल्याङ्कनको विषयमा समेत महासंघले आपत्ति जनाएको छ। उपसमितिको प्रतिवेदनमा शिक्षकहरूले पाँच वर्षमा ९० अङ्क ल्याउनुपर्ने प्रावधान राखिएको छ। तर, शिक्षकहरूले ९० अङ्क प्राविधिक रूपमा अव्यवहारिक हुने बताउँदै घटाउनुपर्ने बताएका हुन्।

# तमोर खोलामा नुहाउने क्रममा युवक बेपत्ता



झापा(प्रस)। ताप्लेजुङको फुङलिङ नगरपालिका-१ तमोर खोलामा नुहाउने क्रममा मिक्वाखोला गाउँपालिका-३ लिबाङ निवासी २५ वर्षीय लाक्पा शेर्पा बेपत्ता भएका छन् ।

सेवालुङ क्रसरमा ट्र्याक्टर चालकका रुपमा आइतबारदेखि काम गर्दै आएका उनलाई सोमबार दिउँसो खोलाले बगाएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रमुख प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । इलाका प्रहरी कार्यालय दोभानका प्रहरी निरीक्षक ओमनारायण श्रेष्ठको नेतृत्वमा ५ जनाको प्रहरीसहित स्थानीय खोजतलासमा खटिएको प्रहरीले जनाएको छ ।

# एक वर्षभन्दा पुराना गाडी आयातमा रोक लगाउने तयारी

झापा(प्रस) ।सवारी आयातलाई व्यवस्थित र गुणस्तरीय बनाउन सरकारले सवारीसाधन आयातमा कडाइ गर्ने नीति लिएको छ ।

नेपालमा पछिल्लो समय पूर्वतयारी र पूर्वाधार निर्माणविनै नयाँ-नयाँ कम्पनीका सवारी साधन आयात भइरहेकाले यसलाई कडाइ गर्न यातायात व्यवस्था विभागले निर्देशिकाको मस्यौदा तयार पारेको छ । आयात मात्रै हुने तर सवारी साधनको सर्भिस तथा स्पेयर पार्ट्स अभाव देखिने भएकाले सरकारले यो कदम चाल्न थालेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमातहतको यातायात व्यवस्था विभागले 'सवारीसाधन आयात, उत्पादन र जडान सम्बन्धी निर्देशिका, २०८२' को मस्यौदा बनाउँदै आयातकर्ता अटो बिक्रेतालाई सवारी आयातमा कडाइ गर्न लागेको हो । निर्देशिकामा सवारीसाधान आयात



गर्ने व्यवसायीहरूले आफूले बिक्री गर्ने सवारीसाधनका स्पेयर पार्ट्स र अन्य सर्भिस १० वर्षलाई पुग्नेगरी राख्नुपर्ने नयाँ नियम व्यवस्था गर्न लागिएको छ ।

मस्यौदाअनुसार उत्पादक कम्पनीले निरन्तर उत्पादन गर्दै आएको सवारीको कुनै मोडल बन्द गर्नुपर्ने अवस्था आए पनि त्यसको कारणसहित पूर्वजानकारी विभाग र नेपालमा रहेको आधिकारिक बिक्रेतालाई गराउनुपर्ने नयाँ व्यवस्था गरेको छ ।

विभागले तयार पारेको निर्देशिकाले सवारीसाधन आयात, उत्पादन र जडानलाई व्यवस्थित गर्ने लक्ष्य राखेको यातायात व्यवस्था विभागका निर्देशक श्रीकान्त यादव बताउँछन् । उनका अनुसार विभागले निर्देशिकाको मस्यौदा मात्रै तयार गरेको भन्दै निर्देशिकालाई अन्तिम रूप दिन भने बाँकी नै छ ।

'निर्देशिकाको मस्यौदा मात्रै तयार भएको हो । अन्तिम रूप दिन बाँकी छ । यस विषयमा सबै सरोकार निकायवालासँग बसेर छलफल गर्न बाँकी छ । यो निर्देशिका मन्त्रालय पुगेर त्यसमा छलफल भएपछि मात्रै पास हुने प्रक्रियामा जान्छ ।'

तर विभागले तयार पारेको मस्यौदा नै अन्तिम नभएको उनले बताए । विभागले तयार पारेको 'सवारीसाधन आयात, उत्पादन र जडानसम्बन्धी निर्देशिका नेपालको परिस्थितिअनुकूलको र सवारी आयातलाई व्यस्थित बनाउने लक्ष्य रहेको उनको भनाइ छ ।

निर्देशिकाअनुसार अब नेपालका आधिकारिक बिक्रेता कम्पनीले आफूले बिक्री गर्ने सवारीको कुनै मोडलको उत्पादन बन्द हुने जानकारी देखिए वा जानकारी आए आवश्यक स्पेयर पार्ट्स आयातकर्ताले १० वर्षसम्मका लागि पुग्नेगरी राख्नुपर्ने हुन्छ ।

# शिक्षामा...

भने यस्तो शिक्षामा व्यक्ति मन, वचन र कर्मले संलग्न हुने गर्छ ।

आर्थिक सहयोग र छात्रवृत्ति : कैयौँ बालबालिका कमजोर आर्थिक अवस्थाका कारण शिक्षाको अवसर प्राप्त गर्नबाट वञ्चित हुने भएकाले बालबालिकालाई विभिन्न आर्थिक सहयोग तथा छात्रवृत्ति जस्तै निःशुल्क शिक्षा, पोसाक, पाठ्यपुस्तक, खाजा, जेहेन्दार छात्रवृत्ति आदि प्रदान गर्न सकेमा बालबालिकालाई विद्यालयमा भर्ना गरी पढाइलाई निरन्तरता प्रदान गर्न सहयोग पुग्छ ।

शैक्षिक संस्थाको वृद्धि र समुचित व्यवस्था : जुन ठाउँमा शैक्षिक संस्था स्थापना नभएकै कारणबाट बालबालिका पढ्नबाट वञ्चित भएका छन् त्यस्ता स्थानमा शैक्षिक संस्थाको संख्या वृद्धि गर्न सकियो भने बालबालिकाले शिक्षाको अवसर प्राप्त गर्न सक्छन् । यसै गरी शैक्षिक संस्थाको स्थापना गरेर मात्र समान अवसर प्रदान गर्न नसकिने हुनाले यस्ता संस्थाको उचित व्यवस्थापनसम्बन्धी व्यवस्था मिलाउनु पर्छ ।

शिक्षाप्रति सकारात्मक धारणा : जब शिक्षा अनुत्पादक र बेरोजगार उत्पादन गर्ने साधनको रूपमा स्थापित हुन्छ तब मानिसले शिक्षाप्रति नकारात्मक धारणा राख्न थाल्छन् । शिक्षित व्यक्ति र अशिक्षित व्यक्तिबिच भिन्नता देखिएन भने शिक्षाप्रतिको आकर्षण घट्न जान्छ । तसर्थ शिक्षाबिना सुखी जीवनयापन गर्न सकिँदैन । मानव जीवनमा शिक्षाको ठुलो महत्व छ भन्ने भावनाको विकास समाज र राष्ट्मा गर्न सकियो भने यसले व्यक्तिलाई शिक्षाको अवसर खोजी गर्न बाध्य बनाउँछ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

वृष: महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

मिथुन: आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

कर्कट: नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

सिंह: आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

कन्या: मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

तुला: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

वृश्चिक: सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

धनु: आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

मकर: घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

कुम्भ: राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

मिन: परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।